CC-0.In Public Domain. Digitization by eGangotri

वैभव लक्ष्मी

व्रतकथा



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

वैभव लक्ष्मी व्रतकथा



प्रकाशक :

श्री दुर्गा साहित्य भण्डार

चौखम्बा, वाराणसी

Prof. Madhav Hasrat Lashkar Bane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

प्रकाशक :

श्री दुर्गा साहित्य भण्डार

नेपाली खपड़ा, वाराणसी

प्रकाशन मिती : सम्वत् २०६३

© प्रकाशकाधीन

मूल्य : भा० रु० १२/-

मुद्रक :

कमलनाथ मौर्य

जय भारत प्रिंटिंग प्रेस

डी. ५१/१६८ सी-२ सूरजकुण्ड

वाराणसी-२२१०१०

दूरभाष (०५४२) २४११४१६

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

श्री वैभव लक्ष्मी व्रत गर्दा ध्यान राख्नुपर्ने नियमहरू

१. यो व्रत सौभाग्यवती स्त्रीले गर्दा, उसलाई अति उत्तम फल प्राप्ति हुन्छ । परन्तु यदि घरमा सौभाग्यवती स्त्री छैनन् भने पनि कुनै पनि स्त्री एवं कन्याहरूले पनि यो व्रत गर्न सक्दछन् ।

२. यो व्रत स्त्री मात्र नभई उसको बदलामा पुरुषहरूले गर्दा पनि उनिहरु उत्तम फलको भागी हुनेछन् ।

३. यो व्रत श्रद्धा एवं पवित्र मनले गर्नु पर्दछ । खिन्न एवं दुखि तथा अनियन्त्रित मनले यो व्रतलाई कदापि गर्नु हुँदैन ।

४. यो व्रत शुक्रवारको दिन गरिन्छ । व्रत शुरु गर्दा ११ या २१ अथवा यो भन्दा धेरै (५१, १०१ आदि) शुक्रवारको म व्रत लिंदै छु भन्ने संकल्प गर्नु पर्नेछ तथा यस पुस्तकमा वर्णित शास्त्रीय विधान अनुरुपनै व्रत गर्नु पर्दछ । अनि संकल्पित शुक्रवार पुरा भएपछि विधिपूर्वक यस पुस्तकमा वर्णित शास्त्रीय विधि अनुसार उद्यापन विधि गर्नु पर्नेछ । यो विधान सरल छ, परन्तु यदि यस शास्त्रीय विधि अनुसार व्रत न गर्दा व्रतको निमित्त मात्र पनि फल प्राप्त हुँदैन ।

५. एक चोटी संकल्पित व्रत पूरा गरि सके पछि पनि अर्को चोटी पनि व्रत लिन सकिन्छ ।

Prof. Madhav Prasad Ramichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

६. माता लक्ष्मी देवीका अनेक स्वरुप छन् । उसमा धनलक्ष्मी स्वरुप नै श्री वैभवलक्ष्मी हुनुहुन्छ । माता लक्ष्माजीलाई श्रीयन्त्र अति नै प्रिय छ । व्रत गर्दा माता जी का यथा सम्भव अनेक स्वरुपको साथ-साथ श्री यन्त्रलाई पनी दर्शन तथा प्रणाम गर्नु पर्दछ । जो कि आठ रुप तथा श्रीयन्त्र यस पुस्तकमा दिइएको छ । सो सबै रुपको पूजा गर्नु । तवमात्र व्रतको फल मिल्दछ ।

७. व्रतको दिन विहान देखी नै "जय माँ लक्ष्मी, जय माँ लक्ष्मी" को स्मरण मनमनै दिनभरी गरि राख्नु पर्दछ ।

८. व्रतको शुक्रवारको दिन यदि स्त्री रजस्वला, सुतकी भएकी छे वा यदि प्रवासमा छे भने त्यस शुक्रवारलाई छोड़ी अर्को शुक्रवारको दिन देखी व्रत शुरु गर्नु पर्दछ । तर व्रत आफ्नो घरमानै गर्नु पर्दछ । तथा कसैगरी पनि जति शुक्रवारको संकल्प गरेको छ त्यति शुक्रवार पूरा गर्नु पदर्छ ।

९. व्रत एवं पूजा गर्दा प्रतिमा स्वरूप यदि भए सुनको प्रतिमा, वा सुन, त्यो पनि नभए चाँदीको प्रतिमा वा चाँदी त्यो पनि नभए निग्रह स्वरुप पैसा राखी पूजा गर्नु पदर्छ ।

१०. व्रत पूर्ण भई सकेपछि सक्दो अनुसारले ७ स्त्री अथवा आफ्नो इच्छा अनुसार ११, २१, ५१, १०१ स्त्री हरूलाई टीका लगाई यो पुस्तक भेंट स्वरूप दिनु पर्दछ । जति धेरै पुस्तक दान गरिन्छ त्यति धेरै माँ को कृपा भक्तमाथी हुनेछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

११. व्रत विधि शुरु गर्दा कम्तिमा एक पटक "लक्ष्मी स्तवन" को पाठ गर्नु पर्छ ।

लक्ष्मी स्तवन स्तोत्र

या रक्ताम्बुजवासिनी विलसिनी चण्डांश तेजस्विनी ।
या रक्ता रूधिराम्बरा हरिसखी या श्री मनोह्लादिनी ।।
या रत्नाकरमन्थनात्प्रगटितां विष्णोस्वया गेहिनी ।
सा मां पातु मनोरमा भगवती लक्ष्मीश्च पद्मावती ।।

१२. व्रतको दिन सके पछि दिनभरी निराहार रही बेलुका माँ लक्ष्मीको पूजा गरी प्रसाद ग्रहण गर्नु पर्दछ । यदि सकिंदैन भने फलाहार लिई पूजा गरी सकी सके पछि एक चोटी भोजन लिन सकिने छ । यदि कर्ताको शरीर अति कमजोर छ भने त्यस्ताले दुवै समय स्वच्छ भोजन लिई व्रत पूजा गर्न सक्दछन् । तर व्रतधारी को माँ लक्ष्मीजीमा पूरा-पूरा श्रद्धा र विश्वास हुनु पर्दछ तथा मेरो सम्पूर्ण मनोकामना माँ ले अवश्यमेव पूरा गरिदिनु हुने छ, भन्ने संकल्प राख्नु पर्नेछ ।

शुक्रवारको दिन प्रातः उठी नित्य क्रिया गरेर स्वच्छ वस्त्र धारण गरी माँ लक्ष्मीको जय गर्नु । बेलुकी पूर्वतिर फर्किएर बस्ने गरी एक आशन बिच्छाई त्यस अगाड़ि एक काठको पीर्का राख्नु । पीर्कामा सेतो कपड़ा ओच्छ्याएर कपड़ामाथी एक चामलको थुप्रा बनाउनु ।

आफु आशनमा बसेर यस मन्त्रले तीन चोटी आचमन गर्नु -

१. ॐ केशवाय नमः स्वाहा । २. ॐ नारायणाय नमः स्वाहा ।
३. ॐ माधवाय नमः स्वाहा ।

अब यस मन्त्रले हात धुनु **४. ॐ गोविन्दाय नमः ।**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

आचमन गरि सकेर चोमलको थुप्रोमाथी जलले भरेको कलश राख्नु । अनी कलशको मुखमा माथी सानो थाली राखेर त्यसमा प्रतिमा स्वरूप भए सुनको प्रतिमा या सुन, त्यो पनि नभर चाँदीको प्रतिमा त्यो पनि नभए पैसा राख्नु । कलशको अगाड़ी एउटा घीऊको दिपक (दियो) बाल्नु ।

अब किताबमा दिइएको श्रीयन्त्र तथा माताका विविध स्वरूपको दर्शन गरि, यसप्रकार संकल्प गर्नु ।

हरिः ॐ तत्सत् ॐ तत्सत् ॐ तत्सत्, ॐ विष्णुः विष्णुः विष्णुः श्रीमद्भगवतो महापुरुषस्य विष्णो-राज्ञया प्रवर्त मानस्य अद्य श्री ब्रह्मणोऽह्नि द्वितीय परार्धे विष्णु पदे श्री श्वेतवाराह कल्पे वैवश्वत मन्वन्तरे अष्टाविंशतितमे युगे कलियुगे कलिप्रथम चरणे भूर्लोके जम्बु द्विपे भारतवर्षे भरतखण्डे आर्यावर्तैक देशान्तर्गत... देशे यथा यथा राशिस्थिते श्री सूर्ये, यथा यथा राशिस्थित श्री चन्द्रे यथा यथा राशि स्थिते देव गुरौ शेषेषु ग्रहेषु यथा यथा राशिस्थान स्थितेषु सत्सु एवं ग्रह-गुणगण-विशेषेण विशिष्ठायां शुभ-पुण्य तिथौ (अमुक) गोत्र अमुक (शर्मा, वर्मा, गुप्त) अहं मम इह जन्मनि जन्मान्तरै वा श्री लक्ष्मी देवी प्रीत्यर्थं सर्व पापक्षय पूर्वक दीर्घायुर्विपुल धन-धान्य-पुत्र पौत्रादि अनवाच्छेय सन्ततिवृद्धि स्थिर लक्ष्मी-कीर्तिलाभ सटभीष्टसिद्धयर्थं शुक्रवासापर्यन्त प्रत्येक शुक्रवासरे श्री वैभव लक्ष्मी पूजनं करिष्ये ।

तदङ्गत्वेन यथा सक्यो पचारै कलश पूजनं, दीप पूजनं च करिष्ये । तत्राऽदौ निर्विघ्नतासिद्धयर्थं यथा सक्यो पचारै गणेशाम्बिकयो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

पूजनं च करिष्ये ।

अद्य दिनात् आरभ्य एकादश, एकोनविशं वा

अव । भगवान् गणेशको पूजा सर्वप्रथम गर्नु पर्ने हुदा सक्यो पचारले पूजा गर्नु, नसके भगवान् गणेशको ध्यान गरि चन्दन अक्षता फूल चढाउनु ।

भगवान गणेशको ध्यान गर्ने मन्त्र -

ॐ गजाननं भूतगणादि सेवितं, कपित्थ जम्बु फलचारु भक्षणम् ।
उमा सुतं शोक विनाश कारकं, नमामि विघ्नेश्वर पाद पंकजम् ।।

श्री गणेशम्विकाभ्यां नमः । गन्ध, अक्षता, पुष्प, धुप, दीप, नैवेद्यं समर्पयामि ।

अब ! कर्मको साक्षि दीप हुन त्यसैले यस मन्त्रले ध्यान गरी चन्दन अक्षता दीपमा चढाउनु -

ॐ नमोस्त्वनन्ताय सहस्त्रमूर्तये, सहस्त्रपादाक्षिशिरो रूवाहवे ।
सहस्त्रनाम्ने पुरुषाय सास्वते, सहस्त्रकोटि युगधारिणे नमः ।।

ॐ श्री दीप नारायणाय नमः गन्ध, अक्षत, पुष्प, धुप, दीप नैवेद्यं समर्पयामि, नमस्कारं च करोमि ।

त्ससपछि कलशमा स्थित वरुण आदि देवताहरूको ध्यान गर्नु-

ॐ कलशस्य मुखे विष्णुः कण्ठे रुद्रः समाश्रितः
मूले त्वस्य स्थितो ब्रह्मा मध्ये मातृगणाः स्मृताः

Prof. Madhav Prasad Ghimire Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

कुक्षौ तुसागराः सप्त सप्तद्वीपा च मेदिनी ।
अर्जुनी गोमती चैव चन्द्रभागा सरस्वती ।।
कावेरी कृष्णवेणा च गंगा चैव महानदी ।
तापी गोदावरी चैव माहेन्द्री नर्मदा तथा ।।
नन्दाश्च विविधा जाता नद्यः सर्वास्तथापराः ।
पृथिब्यां यानि तीर्थानि कलशस्थानि तानि वै ।।
सर्वे समुद्राः सरितस्तीर्थानि जलदा नदाः ।
आयान्तु मम शान्त्यार्थं दुरित क्षयकारकाः ।।
ऋग्वेदोऽथ यजुर्वेदः सामवेदो ह्यथर्वणः ।
अंगैश्च सहिताः सर्वे कलशं तु समाश्रिताः ।।
अत्र गायत्री सावित्री शान्ति पुष्टिकरी तथा ।
आयान्तु मम शान्त्यार्थं दुरित क्षयकारकाः ।।

श्री वरुणादि आवाहित देवताभ्यो नमः । गन्ध, अक्षत, पुष्प, धुप, द्विप नैवेद्यं समर्पयामि, नमस्कारं च समर्पयामि ।

अव ! माँ धनलक्ष्मी, ऐश्वर्य प्रदायनी माँ लक्ष्मी जीको पूजा गर्नु । सर्व प्रथम फुल हातमा लिई यस मन्त्रले माँ लक्ष्मीको स्तुती गर्नु -

ॐ महादेवी महालक्ष्मी नमस्ते त्वं विष्णु प्रिये ।
शक्तिदायी महालक्ष्मी नमस्ते दुःख भंजनि ।।
श्रैया प्राप्ति निमित्ताय महालक्ष्मी नमाम्यहम् ।
पतिपोद्धारीणि देवी नमाम्यहं पुनः पुनः ।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

वेदांस्त्वां संस्तुवन्ति ही शास्त्राणि च मुहुर्मुहु ।
देवास्त्वां प्रणमन्तिही लक्ष्मीदेवी नमोस्तुते ।।
नमस्ते श्री महालक्ष्मी नमस्ते भवभंजनी ।
भुक्ति भुक्ति न लभ्यते देवी त्वयि कृपा विना ।।
सुख सौभाग्यं न प्राप्नोति यत्र लक्ष्मी न विद्यते ।
न तत्फलं समाप्नोति महालक्ष्मी नमाम्यहम् ।।
देहि सौभाग्यमारोग्यं देहि मे परमं सुखम् ।
नमस्ते आद्यशक्ति त्वं नमस्ते भव भंजनी ।।
विदेहि देवी कल्याणं विदेहि परमां श्रियम् ।
विद्यावन्तं यशश्वन्तं लक्ष्मीवन्तं जनं कुरु ।।
अचिन्त्य रूप-चरिते सर्वशत्रु विनाशिनी ।
नमस्तेतु महामाया सर्व सुख प्रदायिनी ।।
नमाम्यहं महालक्ष्मी नमाम्यहं परमेश्वरी ।
नमाम्यहं जगद्धात्री नमाम्यहं परमेश्वरी ।।

ॐ श्री लक्ष्मी देव्यै नमः प्रार्थना पूर्वकं नमस्कारं समर्पयामि । भन्दै फूल प्रतीमामा चढाएर प्रणाम गर्नु ।

अब ! यस मन्त्रले आसनस्वरुप कुश वा फूल चढाउनु -

ॐ अनेक-रत्न-संयुक्तं नानामणि-गणान्वितम् ।
कार्तस्वरमयं दिव्यमासनं प्रतिगृह्यताम् ।।

Pt. Madhav Prasad Jajodia Collection, Kathmandu, Nepal

यस मन्त्रले मा लक्ष्मीको पाऊ धुन गर्नु जल चढाउनु -

CC-0.In Public Domain. Digitization by eGangotri

ॐ गंगादिसर्वतीर्थेभ्यो मया प्रार्थनयाहृतम् ।
तोयमेतत् सुखस्पर्श पाद्यार्थं प्रतिगृह्यताम् ।।

यस मन्त्रले माँ लक्ष्मीजी लाई अर्घ चढाउनु-

ॐ -निधीनां सर्वदेवानां नमनर्ध्यगुणा ह्यसि ।
सिंहो परिस्थिते देवि ! गृहाणाऽर्घ्यं नमोऽस्तुते ।।

यस मन्त्रले माँ लक्ष्मीजी लाई आचमनार्थ जल चढाउनु -

ॐ कर्पूरेण सुगन्धेन सुरभिस्वादु शीतलम् ।
तोयमाचमनीयार्थं देवीदं प्रतिगृह्यताम् ।।

यस मन्त्रले माँ लक्ष्मीजी लाई पञ्चामृत चढाउनु -

ॐ पयो दधि घृतं चैव मधु च शर्करायुतम् ।
पञ्चामृतं मयाऽनीतं स्नानार्थं प्रतिगृह्यताम् ।।

यस मन्त्रले माँ लक्ष्मीजी लाई चंदन चढाउनु -

ॐ मलयाचल सम्भूतं चन्दनाऽगरुसम्भवम् ।
चन्दनं देवि देविशि ! स्नानार्थ प्रतिगृह्यताम् ।।

अब ! श्री लक्ष्मीदैव्यै नमः शुद्धोदक स्नानं समर्पयामि यति भन्दै माँ लक्ष्मीजीलाई शुद्ध जल चढाउनु ।

यस मन्त्रले माँ लक्ष्मीजीलाई वस्त्र चढाउनु -

ॐ पट्टकुलयुगं देवि ! कञ्चुकेन समन्वितम् ।
परिधोहि कृपां कृत्वा लक्ष्मी ! दुर्गतिनासनम् ।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

यस मन्त्रले माँ लक्ष्मीजीलाई बेसार चढाउनु -

ॐ हरिद्रारञ्जिता देवि ! सुख सौभाग्य दायिनी ।
तस्मात्वं पुजयाम्यत्र दुःखशान्तिं प्रयच्छ मे ।।

यस मन्त्रले माँ लक्ष्मीजीलाई कुमकुम चढाउनु -

ॐ कुङ्कुमं कान्तिदं दिव्य कामिनीकामसम्भवम् ।
कुङ्कुमेनाऽर्चिते देवि ! प्रसीद परमेश्वरी ।।

यस मंत्रले माँ लक्ष्मीजीलाई अक्षता चढाउनु -

ॐ अक्षतान् निर्मलान् शुद्धान् मुक्ताफल समन्वितान् ।
गृहाणेमान् महादेवी ! देहि मे निर्मलां धियम् ।।

यस मंत्रले माँ लक्ष्मीजीलाई सिन्दूर चढाउनु -

ॐ सिन्दूरमरूणाभासं जपाकुसुमसन्निभम् ।
पूजिताऽसिमया देवि ! प्रसीद परमेश्वरि ।।

यस मंत्रले माँ लक्ष्मीजीलाई रक्त चन्दन चढाउनु -

ॐ रक्तचन्दनसंम्मिश्रं पारिजात समुद्भवम् ।
मया दत्तं महालक्ष्मी चन्दनं प्रतिगृह्यताम् ।।

यस मंत्रले माँ लक्ष्मीजीलाई पुष्पमाला चढाउनु -

ॐ पद्म शङ्खज-पुष्पादि शतपत्रैर्विचित्रताम् ।
पुष्पमालां प्रयच्छामि गृहाणत्वं सुरेश्वरी ।।

यस मंत्रले माँ लक्ष्मीजीलाई दक्षिणा चढाउनु -

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

ॐ हिरण्य गर्भ गर्भस्थं हेमवीजं विभावसोः ।
अनन्त पुण्यफलदमतः शान्ति प्रयच्छ मे ।।

अब ! भोग लगाउनको निम्ती तैयार पारेको पक्वान्न वा मिठाई अथवा फलफुल प्रतिमा अगाड़ी राख्नु तथा यस मन्त्रले माँ लक्ष्मीजीलाई धूप दिनु -

ॐ दशाङ्ग गुग्गुलं धूपं चन्दना-गरू-संयुतम् ।
समर्पितं मया भक्तया लक्ष्मी देवी ! प्रतिगृह्यताम् ।।

यस मन्त्रले माँ लक्ष्मीजीलाई दीप देखाउनु -

ॐ साज्यं च वर्तिसंयुक्तं वह्निना योजितं मया ।
दीपं गृहाण देवेशि ! त्रैलोक्यतिमिरापहम् ।।

अब ! पहिला नै राखेको भोगलाई हातले स्पर्श गरी यो मन्त्र पढदै माँ लक्ष्मीलाई अर्पण गर्नु -

ॐ अन्नं चतुर्विधं स्वादु-रसः षड्भिः समन्वितम् ।
नैवेद्यं गृह्यताम् लक्ष्मी ! भक्तिं मे ह्यचलां कुरु ।।

अब ! तल वर्णित मन्त्र पढदै देविजी लाई जल समर्पण गर्नु -

ॐ प्राणाय स्वाहा, ॐ अपानाय स्वाहा, ॐ व्यानाय स्वाहा, ॐ समानाय स्वाहा, ॐ उदानाय स्वाहा, ॐ ब्रह्मणे नमः, मध्येपानीयं उत्तरापोषणम्, हस्त प्रक्षालनं मुख प्रक्षालनं जलं समर्पयामि ।

Prof. Madhavi Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Panini Kanya Maha Vidyalaya Collection. Digitized by eGangotri

यस मन्त्रले माँ लक्ष्मीलाई कपूर आरती देखाउनु -

ॐ चन्द्रादित्यौ च धरणी विद्युदग्निस्तथैवच ।
त्वमेव सर्व ज्योतिंषि आर्तिक्य प्रतिगृह्यताम् ।।

यसमन्त्रले माँ लक्ष्मीजीलाई पुष्पाञ्जली अर्पण गर्नु -

ॐ विष्णुप्रिये नमस्तुभ्यं नमस्तुभ्यं जगत्पते ।
अति हंत्रि नमस्तुभ्यं संमृद्ध कुरुमे सदा ।।
नमो नमस्ते महामाया श्री पीठे सुरु पूजिते ।
शंख चक्र गदा हस्ते महा लक्ष्मी नमोस्तुते ।।

अब ! हातमा फुल लिई यस मन्त्रले माँ लक्ष्मीजीको प्रदक्षिणा गर्नु -

ॐ यानि कानी च पापानी जन्मान्तर कृतानि च ।
तानि पापानि नश्यन्तु प्रदक्षिणा पदे पदे ।।

यो मन्त्र पढदै तीन चोटी माताजीलाई प्रदक्षिणा गरि माँ लक्ष्मीजीलाई दण्डवत गर्नु । तदन्तर श्री वैभव लक्ष्मी व्रतको कथा श्रवण गर्नु ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

श्री वैभव लक्ष्मी व्रतको कथा

कुनै एक ठाऊँमा एक ठूलो शहर थियो, जहाँ लाखौं मानिसहरू वसोवास गर्दथे । उनीहरू साथ-साथ नैं रहन्थे तथा आवश्यकता हुदाँ एक अर्कालाई मदत गर्ने उनीहरूको स्वभाव थियो । तर समयको चक्र नयाँ जमाना अनुसार सांसारिक जीवनमा परिवर्तन देखियो । मनुष्यहरूको स्वभाव नै भिन्दै भयो । सबै आ-आफ्नो काममा नै व्यस्त हुँदथे । कसैलाई पनि कसैको वास्ता थिएन । एक घरको सदस्यहरूमा पनि एक आपसमा कुनै सरोकार नै राख्न छाड़े । भक्ति-भाव, भजन-कीर्तन, दया-माया परोपकार आदि संस्कार उनीहरूबाट लोप हुँदै गयो । शहरमा विस्तर विस्तार दुष्प्रवृत्तीले ढाक्न थाल्यो । जाँड रक्सीको सेवन, जुआ, व्यभिचारी, चोरी डकैती जस्ता जघन्य अपराधहरू शहरमा दिन दिनै भै नै राख्दथ्यो ।

"उखान" छ - लाखौं निराशामा एक अमर आशा रुपी ज्योति लुकेको हुन्छ । यसै प्रकार यति दुष्कृतिको प्रभाव हुँदा पनि शहरमा केही राम्रा मानिसहरू पनि थिए ।

उनै मध्ये शीलाको परिवार पनि पर्दथ्यो । शीला धार्मिक प्रवृत्ति एवं संतोषी स्त्री थिइन तथा तिनका पति पनि विवेकी तथा सुशील प्रवृत्तिका थिए ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

यिनीहरू ईमानदारीले जीवनयापन गरि रहेका थिए । यिनीहरू अरु कसैको कुरा काट्दैनथिए तथा सांसारिक जीवनको साथ साथै प्रभु भजनमा लीन रहीरहन्थे । यिनीहरूको गृहस्थी आदर्श गृहस्थी थियो तथा शहरमा यस गृहस्थीको सराहना गर्दथे ।

यस प्रकार शीलाको गृहस्थी खुशी-खुशीले चलिरहेको थियो । तर भनिन्छ कर्मको गति अकल (निष्कपट) हुन्छ । विधाता द्वारा रचित खेललाई सम्झिन (जान्न) सक्ने यहाँ को छर ? मनुष्यको भाग्य पल भरमा राजालाई रैति र रैतीलाई राजा बनाइ दिन्छ । शीलाको पतिको पूर्व-जन्मको कर्म भोग्न बाँकीथियो होला, उसले खराब व्यक्तिहरू संग दोस्ती संगतगर्न थाल्यो । उ चाँड़ो भन्दा चाँडो करोड़पति हुन चाहन्थ्यो । यसै कारण उ गलत मार्ग तिर लाग्यो तथा करोड़पतिको साटो रोड़पति बन्न पुग्यो । अर्थात् यिनीहरूको दशा बाटोमा भौतारिदैं गरेको भिकारी जस्तो भयो ।

शहरमा जुआ, जाड़-रक्सी, रेस, चरस-गाँजा आदिको दुर्गन्ध फैलिएको थियो जसमा शीलाको लोग्ने पनि फँस्न पुग्यो । गलत साथीहरूको साथ उसलाई पनि रक्सी सेवन गर्ने गलत बानी लाग्यो, भन्दछन् खराब आदत चाड़ो सिक्दछन् परन्तु यसबाट मुक्त हुन धेरै कठीन पदर्छ । शीलाको लोग्नेको पनि हालत यही थियो । ऊ हर समय रक्सीले टिल्ल परेको हुन्थ्यो, चाँड़ो भन्दा चाँड़ो पैसा कमाउनको चक्करमा उसले साथीहरू संग जुआ-रेस पनि खेल्न थाल्यो । यस प्रकार केही बचेको धन, श्रीमतीको गर गहना आदि सम्पूर्ण धनराशि उसले जुआमा लुटाई दियो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitized by eGangotri

शीला सुशील एवं संस्कारी स्त्री थिईन । आफ्नो श्रीमान्को यस्तो व्यवहारले गर्दा उसलाई धेरै दुःख पऱ्यो । परन्तु उसले भगवान् माथी विश्वास गरेर दुःख सहन गर्दै दिन बिताउन थालीन । भनिन्छ "सुख पछि दुःख र दुःख पछि सुख" आउँछ यो प्रकृतिको नियमनै हो । यसैले दुःख पछि सुख अवश्य नै आउने छ, यस्तो विचारका साथ शीला परमेश्वरको भक्तिमालीन रहन थालीन ।

यस्ता प्रकारले असह्य दुःखलाई सहनगर्दै शीलाले प्रभु भक्तिमा दिनबिताउन थालीन । अचानक एक दिन मध्यान्नको समयमा उसको ढोकामा कोई आयो ।

शीलाले सोच्न थालि "म जस्तो गरीबको घरमा यस बेला को आयो होला ? फेरी पनि आफ्नो द्वारमा आएका अतिथि हरूको आदर गर्नु पर्दछ" भन्ने सोच्दै सुसंस्कारी शीलाले गई ढ़ोका खोलीन ।

देख्छे ढोका अगाड़ी एक माताजी उभीई रहेकी छिन् । उनी ऊमेरमा वृद्ध देखेन्थिन किन्तु तिनको मुखार बिन्दमा अलौकिक तेज झल्कन्थ्यो । मानौ तिनको आँखा देखी अमृत वर्षा भैरहेको थियो । माताजीलाई देख्दै शीलालाई अपार शान्तिको अनुभूति भयो । तर शीलाले माताजीलाई चिन्दिन थिइन । तर पनि तिनीलाई देख्ना साथ शीला आनन्दले विह्वल भइन् । शीलाले माताजीलाई आदरकासाथ घरभित्र लिएर गईन् । उनीसँग अछ्यौउनलाई राम्रा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

धन लक्ष्मी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

गज लक्ष्मी

CC-0.In Public Domain. Digitization by eGangotri

अधि लक्ष्मी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

सन्तान लक्ष्मी

CC-0.In Public Domain. Digitization by eGangotri



धान्य लक्ष्मी

ऐश्वर्य लक्ष्मी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

विजय लक्ष्मी

वीर लक्ष्मी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

केही अवशेष थिएन, अर्थात् त्यति गरिबी आएको थियो । अतः शीलाले संकोच मान्दै एउटा फाटेको तन्ना ल्याई बिच्छ्याइन् र त्यसमाथि माताजीलाई बसाइन् ।

बस्दै माताजीले सोध्नुभयो - के तिमीले मलाई चिन्यौं ?

संकोचित मुद्रामा शीलाले भनिन् - माता हजुरलाई देख्दा साथ अपार खुशी प्राप्त भैरहेको छ । धेरै शान्तिको अनुभूति भैरहेको छ । यस्तो अनुभव हुदै छ कि म धेरै दिन देखी जस्को खोजीमा थिए, त्यो हजुरनै हुनहुन्छ । परन्तु स्पष्ट रूपमा हजुरलाई चिन्न मलाई अतिनै गाह्रो भैरहेको छ ।

माताजीले हाँस्दै भन्नु भयो - तिमीले यति चाँडो भुल्यौ ? यति शुक्रवारका दिन लक्ष्मीजीको मन्दिरमा भजन कीर्तन हुँदा म यहाँ आउथें त्यहाँ हामीहरूको भेट हुन्थ्यो ।

पतिले कुमार्ग अपनाउँदा शीलालाई धेरै दुःख लाग्यो । यसैलेगर्दा शीला लक्ष्मीजीको मन्दिरमा पनि जाँदैन थिईन् । उनलाई बाहिरी मानिसहरू सित भेंटगर्नपनि लाज भैरहेको थियो उनले माताजीलाई चिन्न धेरै कोशिश गरिन । तरपनि उनले माताजीलाई चिन्न सकिनन् ।

तब माताजीले भन्नुभयो "तिमीले लक्ष्मीजीको मन्दिरमा कति मधुर भजन गाउथ्यौ । तर हिजो आज तिमी मन्दिरमा आउन छाड्यौ। यसैले मन्दिरमा नआउने केकारण हो ? कही तिमी विरामी पो भयौ कि ? भन्नै विचार गरि तिमीलाई भेट्न आएकी हुँ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

माताजीको यस्तो प्रेमपूर्ण शब्दले शीला खुशीले विह्व भईन । उनको आँखाबाट आँसु बग्नथाल्यो । उनी माताजीव अगाड़ी बालक झैं रून थालिन् । यस्तो देखेर माताजी शीलाने पुगी शिरमा हात राखी फेरी पिठ्यूँ सुमसुम्याँउदै सान्त्वना दि लाग्नुभयो ।

माताजीले भन्नुभयो - पुत्री ! सुख र दुःख त घाम र छा जस्तो हुन्छ । सुख पछी दुःख र दुःख पछी सुख आइनै रहन्छ तिमी धैर्य राख । तथा तिमीलाई के विपत्ती आई पऱ्यो ? दुःखि हुनको कारण मलाई भन ।

यसरी तिम्रो, मन पनि हलुङ्गो हुन्छ र यो दुःखको के उपाय पनि निस्कने छ ।

माताजीको कुरा सुनेर शीलाको मनमा केही शान्ति छायो अनि शीलाले भनिन् "मांता ! मेरो गृहस्थी सुख एवं खुशी परिपूर्ण थियो । मेरो पति सुशील हुनुहुन्थ्यो । भगवान्को कृप धन सम्पत्तिमा पनि हामीहरू संतोष थियौं । हामी शान्तिले गृह जीवन-यापन गर्दै ईश्वर-भक्तिमा आफ्नो समय व्यतीत गर्दथ्यौं अचानक हाम्रो भाग्य बिग्रीयो । मेरा स्वामीको संगत गलत मानि संग हुन पुग्यो । कुसंगतिले गर्दा उहाँ जाड़-रक्सी, जुवा, च गाँजा आदि जस्ता अति-खराब आदतको शिकार हुन पुग्नुभ त्यसै कारण हामीबाट सबै चिजहरू लुटियो । अब हाम्रो हा भिखारी जस्तो भएका छौं ।"

CC-0. Prof. Madhav Prasad Ghimire Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

यस्तो कुरा सुनेर माताजीले भन्नु भयो " कर्मको गति अटल छ । हर मनुष्यले आफ्नो कर्मको फल भोग गर्नु पर्दछ । कुनै समयको कर्मले गर्दा आज त्यसको फल तिमीहरू भोगीरहेका छौ । अब तिमीले चिन्ता नगर । तिमीले कर्मको भोग गरि सकेकी छ्यौ । तसर्थ अब तिमीहरूको सुखको दिन अवश्य मेव आउने छ । तिमी त माताजीको भक्त हौं । माता लक्ष्मीजी त प्रेम तथा करुणाको अवतार हुनुहुन्छ । वहाँको आफ्नो हरेक भक्तमाथि ममता छ । तसर्थ तिमी धैर्य राखी माता लक्ष्मीजीको व्रत राख । व्रतको प्रभावले सबै ठीक भै जाने छ ।"

माता लक्ष्मीको व्रत राख्ने कुरा सुनेर शीलाको मुखमा प्रसन्नता छायो । तिनले सोधिन "माँ लक्ष्मीजीको व्रत कसरी गरिन्छ, मलाई राम्रोसंग संझाइ दिनुहोस् । म यो व्रत अवश्य गर्नेछु ।"

माताजीले भन्नु भयो "पुत्री ! माँ लक्ष्मीजीको व्रत धेरै सरल छ । जसलाई 'वैरद लक्ष्मी व्रत' या 'वैभव लक्ष्मी व्रत' भन्दछन् । यो व्रत गर्ने हरूको सम्पूर्ण मनोकामना पूर्ण हुन्छ । यसको प्रभावले उसले सुख-सम्पत्ति तथा यस प्राप्त गर्दछ ।" यस्तो कुरा सम्झाई माताजी ले 'वैभव लक्ष्मी' व्रतको विधि बताउन लाग्नु भयो ।

यो वैभव लक्ष्मी व्रत धेरै सरल व्रत छ । परन्तु कतिपय मानिसहरू यो व्रत गलत तरिकाले गर्दछन् । तसर्थ उनीहरूलाई फलको प्राप्ति हुँदैन । कतिपय भन्दछन् सुनको गहनालाई बेसार कुमकुम आदिले पूजा गर व्रत पूर्ण हुन्छ । परन्तु यस्तो होइन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

कुनैपनि व्रत शास्त्रीय विधि पूर्वक गर्नु पर्दछ । तवमात्र त्यसव फल मिल्दछ । मात्र सुनको गहनामा पूजा गर्दा फल मिल्ने भ आजसम्म कति मानिसहरू लखपति भैसकेका हुने थिए । सत्य कुरा त यो हो कि पूरा श्रद्धा तथा भक्ती-भावनाले स्वर्ण गहनाव शास्त्रीय विधि अनुसार पूजा गर्नु पर्दछ । यसै गरि व्रतको उद्यापन विधि पनि विधान अनुसारले नै गर्नु । तबमात्र "श्री वैभवलक्ष्मी" को व्रतले शुभ फल दिन्छ ।

यो व्रत शुक्रवारका दिन गर्नुपर्दछ । प्रातः उठी स्नान गरे स्वच्छ वस्त्र धारण गरी पुरा दिन मनमा 'जय माँ लक्ष्मी', 'जय म लक्ष्मी' को ध्यान गर्नु । बेलुका पूर्वाभिमुख भई आशनमा बस्नु त्यसपछि तीन चोटी आचमन गरी हात धोएर । आफु अघि सानो पिर्का राखी त्यसमाथि रुमाल बिछ्याउनु रुमालमा सानो चामलको थुप्रो बनाउनु । त्यस थुप्रो माथी पानी भरी तामाको कलश राखी, कलशमाथी सानो थाली राख्नु । त्यस थालीमा भए सुनको प्रतिमा, या सुन , त्यो नभए चाँदीको प्रतिमा या चाँदी, त्यो पनि नभए पैसा राख्नु । अगाड़ी पट्टी घिऊको दीपक बाल्नु ।

माँ लक्ष्मीजीका धेरै स्वरूप छन् । तथा माता लक्ष्मीजीलाई श्रीयन्त्र अतिनै प्यारो छ । तसर्थ श्री वैभव-लक्ष्मी-व्रतको पूजन गर्दा सर्वप्रथम 'श्री यन्त्र' अनि लक्ष्मीजीका विविध स्वरूपको दर्शन तथा नमन गर्नु । त्यसपछि संकल्प लिनु, अनि नतमस्तक भई 'माँ लक्ष्मी स्तवन' को पाठ गर्नु । त्यसपछि थालीमा राखेको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

सुन वा पैसालाई बेसार कुमकुम, चामल आदिले शास्त्रीय विधान अनुसार पूजा गरि रातो फुल चढाउनु । प्रसादीमा कुनै मिठो चिज बनाई भोग लगाउनु । नभए चिनी या गुड़को भोग लगाए पनि हुन्छ । त्यसपछि माताजीको आरती गरी स्तुति गर्नु । अनि एघार वोटी सच्चा हृदयले 'जय माँ लक्ष्मी' को उद्घोष गरि आफ्नो मनोवांछित वस्तुको लागी मा सित विन्ती चढाउनु । अब अलि-कति प्रसाद आफुलाई बचाई अरु प्रसाद बाटी दिनु । त्यस दिन सकिन्छ भने दिन भरी उपवास रही वेलुका प्रसाद खाई व्रत गर्नु । सकिंदैन भने दिनमा फलाहार गरी पूजा गरिसकी प्रसाद लिएर भोजन गर्नु । यो पनि सकिंदैन भने दुवै समय स्वच्छ भोजन गर्न सकिन्छ । पूजा पछि थालीमा राखेको गहना आफुले राख्नु । कलशको जल तुलसीमठ या स्वच्छ स्थानमा हालिदिनु । तथा चामल पंक्षीलाई दिनु यस प्रकार शास्त्रीय विधि अनुसार व्रत गर्नाले यसको फल अवश्य मिल्दछ । यस व्रतको प्रभावले सबै प्रकारका विपत्ती दूर भई, भक्त धनवान हुने छ । यदि सन्तान छैनन भने सन्तान हुने छन् । सौभाग्यवती स्त्रीको सौभाग्य अखण्ड रहने छ । कुमारी कन्यालाई इच्छीत वर प्राप्ति हुनेछ ।

शीला यो सुनी अति आनन्दित भइन् । फेरि सोधिन् "माँ ! हजुरले जो 'श्री वैभवलक्ष्मी व्रत' को शास्त्रीय विधि बताउनु भयो, यो व्रत म अवश्य गर्ने छु । तर यसको उद्यापन विधि कुन प्रकार गर्नु पर्छ, यसको विधि पनि कृपा गरी भन्नुहोस् माताजीले भन्नुभयो एघार, इक्काइस या आफुले जती भाकल गरेक हो त्यति शुक्रवार

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

यो श्री वैभवलक्ष्मी व्रत पूरा श्रद्धा एवं निष्ठाले गरी व्रतको आखि
शुक्रवारको दिन जो शास्त्रीय विधिले उद्यापन गर्नु पर्छ त्यो
तिमीलाई भन्दछु आखिरी शुक्रवारका दिन खीर या नैवेद्यको भो
लगाउनु । पूजन विधी पश्चात् श्रीफल (नरिवल) फोरेर माताजीला
चढाउनु । त्यसपछि आफुले सक्दो ७ अथवा आफ्नो इच्छानुसा
११, २१, ५१ कन्याहरू यदि अपुग भए सौभाग्यशाली स्त्रीहरूला
कुमकुमको तिलक लगाई यो श्री वैभव लक्ष्मी व्रतको पुस्तक एक
एक वटा भेंटी स्वरूप दिनु । त्यसपछि सबैलाई खीरको प्रसा
दिनु । त्यसपछि धनलक्ष्मी स्वरूप, वैभव लक्ष्मी स्वरूप,
लक्ष्मीजीका तस्वीरलाई प्रणाम गर्नु । यो स्वरूप वैभव दिने वाल
स्वरूप हो । प्रार्थना गर्दा भन्नु 'हे माँ धनलक्ष्मी' हे माँ वैभव
लक्ष्मी ! मैले सच्चा हृदयले हजुरको धनलक्ष्मी व्रत पुरा गरे । यदि
मैंले पूरा भक्ति भावनाले हजुरको पूजा गरेकी छु भने हजुर
अवश्यमेव हाम्रो मनोकामना पूर्ण गरिदिनु हुन्छ । हामी सबैव
कल्याण गर्नुहुनेछ । जसलाई सन्तान छैन उसलाई सन्तान दि
हुनेछ । सौभाग्यशाली स्त्रीको सौभाग्य अखण्ड रहने छ । कन्
केटीलाई उचित वर प्राप्ति हुनेछ । हे माँ जो यो चमत्कारी वैभ
लक्ष्मीको व्रत गर्ला त्यसको सबै विपत्ति निवारण गरि दिनु
सबैलाई सुखी राख्नु । हे माँ ! हजुरको महिमा अपरम्पार छ ।

यस्ता प्रकारले माँको प्रार्थना गरी माँ लक्ष्मीजीका धनलक्ष
स्वरुपको भक्ति भावले वंदना गर्नु । अनि आफुले पनि प्रसा
ग्रहण गर्नु ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

माताजी देखी यो श्री वैभवलक्ष्मी व्रतको शास्त्रीय विधि सुनी शीला भावविभोर भईन् । उनलाई यस्तो लाग्यो मानौं सुखको मार्ग प्राप्त भयो । उनले आँखा बन्द गरी मनमनै उसै क्षण संकल्प गरिन कि "हे, वैभवलक्ष्मी माँ" म पनि माताजीले भने अनुसार श्रद्धा एवं भक्तिका साथ शास्त्रीय विधि अनुसार श्री वैभवलक्ष्मीको व्रत एक्काइस शुक्रवार सम्म गर्नेछु ।

शीलाले यस्तो प्रकारले मनमा संकल्प लिई आँखा खोलिन त्यतिखेर उनको अगाड़ि कोही पनि थिएनन, उनी विस्मित भइन कि माताजी कहाँ जानु भयो ? वास्तवमा माताजी अरू कोई हुनुहुँदैन थियो, साक्षात माता लक्ष्मी हुनुहुन्थ्यो । शीला माता लक्ष्मीकी भक्त थिईन, तसर्थ आफ्नो भक्तलाई दुःखमा देखी उनलाई मार्ग देखाउन माता लक्ष्मी वृद्ध स्त्रीको रूप धारण गरी शीलाको घरमा आउनुभएकी थिइन ।

भोलीपल्ट शुक्रवारको दिन थियो । बिहानै स्नान गरी स्वच्छ वस्त्र धारण गरेर शीलाले पुरा दिन श्रद्धा भावले मनमनै 'जय माँ लक्ष्मी', 'जय माँ लक्ष्मी' को ध्यान गरिन् । बेलुकी माताजीले भने अनुसार हात मुख धोई शीला पूर्व दिशा फर्की, आसनमा बसीन् । अगाड़ी पीरा राखी त्यसमाथि रुमाल ओच्छ्याइन । त्यसमाथि एउटा चामलको थुप्रो बनाएर तामाको कलशमा जल भरेर राखिन् । कलशमाथि सानो थाली राखी दिइन् । थालीमा राख्नलाई अरु सुन केहि पनि थिएन किनकि पतिको कुसंगतिले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
गर्दा सबै गर-गहनाहरू धरौटीमा परेको थियो । उनीसंग मात्र नाकको फुली बचेको थियो उनले फुली निकालेर धोई थालीमा राखिन अनि तीनपटक आचमन गरी संकल्प गरिन् अनि शास्त्रीय विधि अनुसार वंदना स्तवन, पूजा गरिन । तथा घरमा अलिकति शक्कर बचेको थियो त्यसको भोग लगाई श्री वैभवलक्ष्मीजीलाई प्रणाम गरिन ।

भोग लागेको प्रसाद पहिला आफ्नो लोग्नेलाई दिईन । प्रसाद खाने वित्तिकै श्रीमानले शीलालाई पिटेन तथा सताएन पनि । श्रीमानको स्वभावमा परिवर्तन आएको देख्दा शीलालाई अति प्रसन्नता भयो । तिनको मनमा अझ श्री वैभवलक्ष्मी व्रतको श्रद्धा बढ्यो ।

शीलाले पूर्ण श्रद्धा-भक्तिले एक्काइस शुक्रवार सम्म श्री वैभव लक्ष्मीको व्रत गरिन । अन्तिम शुक्रवारका दिन माताजीले भने अनुसार उद्यापन विधि गरि सात स्त्रीहरूलाई यो 'श्री वैभव लक्ष्मी व्रत' को किताब एक एक ओटा भेंट स्वरूप दिइन् । त्यस पछि उनीहरूलाई भोग प्रसाद दिइन, अनि श्री लक्ष्मीजीकी वैभव लक्ष्मी स्वरूपको तस्वीरलाई भलो भावले प्रणाम गरी प्रार्थना गर्न लागिन 'हे माँ धनलक्ष्मी ! मैंले हजुरको श्री वैभव लक्ष्मी व्रत गर्ने संकल्प गरेकी थिए त्यो आज पूरा भयो । हे माँ मेरो सम्पूर्ण विपत्ती हरण गर्नुहोस् । हामी सबैको कल्याण गर्नुहोस् । जसको संतान छैनन्, त्यसको काख भरिदिनुहोस् । जस जसले यो श्री वैभव

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

लक्ष्मी व्रत गर्ला त्यसको सबै विपत्ति हरी उसलाई सुखी बनाई दिनु हवस् । हे माँ हजुरको महिमा अपरम्पार छ ।

यसप्रकार शास्त्रीय विधिपूर्वक श्रद्धा भक्तिले श्री वैभव लक्ष्मीको व्रत शीलाले पूर्ण गरीन् । त्यसको प्रभावले उनको कुमार्गमा लागेको श्रीमान् राम्रो मानिस बन्दै गयो । तथा राम्रो मेहनतले व्यापार गर्न थाले । माँ वैभव लक्ष्मी व्रतको प्रभावले उनको व्यापारमा धेरै नाफा हुन लाग्यो । उनले आफ्नो पत्निको धरौटी राखेका सबै गहना उकासे । उनको घरमा फेरी पहिला जस्तै सुख शान्ति छायो । यसप्रकार उनीहरू सुखले दिन बिताउँदै भगवन् भक्तिमा लागे ।

श्री वैभव लक्ष्मी व्रतको प्रभाव देखी शीलाका घर वरी-परीका अरु स्त्रीहरूले पनि शास्त्रीय विधि अनुसार श्री वैभव लक्ष्मीको व्रत गर्न थाले । माता लक्ष्मीका कृपाले सबैमा सुख समृद्धि छायो । उनीहरूपनि सुखले दिन बिताउन थाले ।

हे माता हजुर जस्ता प्रकारले शीला माथि प्रसन्न हुनु भयो, त्यसैगरी हजुरको व्रत गर्नेहरूमाथि प्रसन्न हुनु हवस् । सबैको सुख शान्ति होस् । जय धन लक्ष्मी माँ, जय वैभव लक्ष्मी माँ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

माता श्री वैभव लक्ष्मीका चमत्कार

१. जालन्धर देखि आएको पत्र

हाम्रो परिवार धेरै गरिब थियो । मेरा स्वामी अपांग तथा बिरामी थिएँ । दुई छोरा एक छोरी थिई । छोराहरू त सानै थिए तर छोरी ठूली भैसकेकी थिई जो पोस्टमा काम गर्दथी । त्यसै पैसाले घर खर्चा चलिराखेको थियो । उसको उमेर २५ वर्ष भैसकेको थियो त्यसले हामीलाई त्यसको विवाह गर्ने चिन्ताले पिरोली रहेको थियो ।

संयोगले एउटा घरबाट विवाहको लागि कुरा आयो । दुवै केटा-केटीले एक अर्कालाई मनपराए गरे । विवाहको दिन पनि तो कियो । तर एउटा विघ्न के थियो भने केटाको आमाले भनिन विवाह साधारणै भए पनि केटीको लागि १०० ग्राम सुनको गहना बनाएर दिए पछि मात्रै विवाह हुन सक्छ । नत्र विवाह गर्ने सम्मति दिंदैनौ ।

यो सुनेर हाम्रो स्थिति चिन्ता-जनक भयो । मानौं छेउमा आई पुगेको नाऊ डुव्न लाग्यो । हाम्रो बचत केही पनि थिएन । अब १०० ग्राम सुनको गहना कहाबाट लिएर आउने यसै चिन्ताले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

सताउन थाल्यो ।

म चिन्तित भई घरको मूल ढोकामा उभिई राखेकी थिए त्यहीं समय एक मोटर साइकिल वेगले मेरो अगाड़ीबाट अघि बढ्यो तथा त्यै समयमा मोटर साइकिलबाट केही चीज हावाको बेगले गर्दा उडेर भुईमा खस्यो । कौतुहलवश म के रहेछ भनी लिन गएँ । त्यो 'श्री माँ वैभव लक्ष्मी व्रत' को पुस्तक रहेछ । खस्दा धुलो लागेको मैले साड़ीले पुस्तकलाई साफ गरेर त्यहि बाहीर बराण्डामा बसेर पढ्न लागे ।

पढ्दा-पढ्दै मलाई यो व्रत गरू भन्ने जागृति भयो । यस्तो अनुभव हुन लाग्यो कि माँ लक्ष्मीले हाम्रो संकट अवश्य हरण गर्नु हुनेछ । माताजीले नै हाम्रो मद्दतको लागि यो किताब हामी सम्म पुऱ्याउनु भएको हो । मेरो मनमा माँ प्रति असीम श्रद्धा एवं भक्ति जागृत भएर आयो ।

अघिल्लो दिन नै शुक्रवार थियो बिहान उठेर स्नान-ध्यान गरी मैले ११ शुक्रवार श्री वैभवलक्ष्मी व्रत गर्ने तथा ११ पुस्तक प्रसादको रूपमा बाट्ने संकल्प लिए तथा मन-मनै जय माँ लक्ष्मीको जप गर्न लागे । बेलुकी मैले श्री धनलक्ष्मी माँ को पूजाको लागि एक टप माथि चावलको थुप्रो बनाई त्यसमाथि कलश राखी, कलशमा जल भरें, त्यसमा घ्यूको कटौरी राखेर कटौरीमा सुनको अंगुठी राखे । किताबमा बताइको शास्त्रीय विधिले पूजा गरेर प्रसाद बनाय गुड़ थियो त्यसको भोग लगाए तथा पूजा सिध्याएर

Digitized by Arya Samaj Foundation Chennai and eGangotri Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

माँ लाई प्रणाम गरी सबैलाई प्रसाद दिए तथा मैले पनि प्रसाद लिएं ।

रात-दिन मेरो मनमा लक्ष्मी माँ नै लागि रहन्थ्यो । म दिन दिनै बिहान उठेर माँ को दर्शन गरेर उनी संग प्रार्थना गर्दथे । पाँचौं शुक्रवारको बेलुका मैंले माँ धनलक्ष्मीको चित्रको दर्शन गरेर पूजा विधि शुरु गर्न लागेकी मात्र थिए त्यति बेलै मेरो पन्द्रह वर्षीय छोराले दौडेर आएर भन्यो आमा ! हाम्रो महाराष्टको चिट्ठा परेछ । पचास हजार छ यसमा हेर्नुहोस् आमा ।

म आनन्दले फुर्किन लागे । मैले भने एक छीन पख, पूजा गर्न देऊ । पूजा गरि वरी प्रसाद वितरण गरेर कुरा गरौंला । अशीम आनन्दले भक्ति भावका साथ भैले माँको व्रत पूर्ण गरें तथा सबैलाई प्रसाद बाँटी वरी प्रसाद लिएर हामीले चिट्ठा निक्लिएको नम्बर हाम्रो नम्बर संग मिलाएर हेर्दा नम्बर मिल्यो ।

कृपालु माँ को आशीर्वादले हाम्रो दुःख हरण भयो । चिट्ठाको पैसा पाउँने साथ नै त्यै पैसाले १०० ग्राम सुन किनेर छोरीलाई गहना बनायौं तथा बचेको पैसाले राम्रो संग विवाह गरियो ।

यस प्रकार श्री वैभवलक्ष्मी व्रतको प्रभावले श्री धनलक्ष्मी माँ मेरो सबै दुःख हरण गरिदिनु भयो ।

जय माँ लक्ष्मी हजुरको कृपा निरालो छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

२. हरायको हीराको प्राप्ति

मेरा स्वामी हीराको कारोबार गर्नु हुन्छ । जसले गर्दा हाम्रो आम्दानी राम्रो छ । परन्तु अचानक एक दिन हामी माथी ठूलो विपत्ति आइ लाग्यो । बेलुका मेरा स्वामी कामबाट घर फर्कनु भयो अरु दिन जस्तै त्यो दिन पनि शर्ट फुकालेर काटीमा झुण्याउनु भयो । अनि लगाएको पैंट बदलेर पैंटको भित्री खल्टीबाट हीराको प्याकेट निकाल्न लाग्दा त्यहाँ हीरा थिएन । मैले भान्सा घरबाट स्वामी ज्यूले के हो खोजेको देखी सोधे के खोज्दै हुनुहुन्छ के हरायो र ?

हँ, पैंटको भित्री खल्टीमा राखेको हीरा भेटीएन । यदि हरायो भने हामी बरबाद भइन्छ उहाँले भन्नुभयो ।

यो सुन्दा मेरो पनि होश हरायो । छिटै ग्यास बन्द गरि बाहिर आएर हीराको प्याकेट खोज्न थाले । सींढी, गेट, पिडी, गल्ली सबैठाउँमा हेरें तर हीरा भेटीएन ।

हामी दुवै दुःखी मनले आई सोफामा बस्यौ, केही गर्ने मन भएन, धेरै दुःख लागेको थियो ।

त्यही समय मेरो स्वामीका साथी आफ्नो श्रीमतीको साथ हामीहरू संग भेंट गर्न आए । हामीहरूलाई चिन्तित देखी उनीहरूले सोधे के भयो र ? किन चिन्तित भएको ? कहीं आपसमा झगड़ा तभाएन ?

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

यो सुन्दा मलाई रून आयो । रूदै हाँसी हराएको घटना उनीहरूलाई सुनाये । यो कुरा सुन्दा उनीहरू पनि छक्क परे ।

केही विचार गरि साथीकी पत्नी रमीताले मलाई भान्सा घरमा लगी अनि भनी दीदी एउटा कुरा मान्नु हुन्छ ?

के ? हजुरले श्री वैभवलक्ष्मी व्रत गर्ने संकल्प गर्नुहोस् पुरुषले नमाने पनि हामी स्त्रीले व्रतमा विश्वास राख्नु पर्छ ।

यो व्रत धनलक्ष्मी माताको व्रत हो । हजुरले पनि यो व्रत गर्नुहोस् । अनि उसले मलाई व्रत गर्ने विधि पनि बताई ।

मैले तुरुन्तै हात मुख धोई एक्काइस शुक्रवार श्री वैभवलक्ष्मी व्रत गर्ने संकल्प लिए तथा ५१ श्री वैभव लक्ष्मी व्रत गर्ने संकल्प लिए तथा ५१ श्री वैभवलक्ष्मी व्रतको किताब बाट्ने संकल्प लिई त्यस रात जय माँ लक्ष्मी जय माँ लक्ष्मी जपी रहे । बिहान मिर मिरे उज्यालोमानै माता जी का प्रेरणाले हामी हीराको पैकेट खोज्न बाटोमा निकल्यौं । जुन बाटोबाट वहाँ मोटर साइकिलमा आउनु भएको थियो त्यही बाटोमा माँ नाम जप्दै, ध्यानले प्याकेट खोज्दै अगाडी बढ्दै गयौं । जब बजार नेर पुग्यो, एक कुनामा फोहोरका थुप्रोमा आधा थिचिएको प्याकेट माथि मेरो दृष्टी पुग्यो । प्याकेट उहाँलाई देखाये ।

यही हो भनि चिच्याउँदै स्वामीले झट्ट प्याकेट उठाउनु भयो । माताका प्रभावले हीराको प्याकेट जस्ताको त्यस्तै हामीले भेट्टायौ । त्यसदिन देखी म मा झन् माता माथि विश्वास बढ्दै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

गयो । जब शुक्रवार आयो त्यस दिन हामी दुवैले व्रत शुरु गऱ्यौ तथा पूरा भक्ति भावले एक्काइस शुक्रवार पूरा गऱ्यो । संकल्प लिए अनुसार उद्यापनको दिन ५१ स्त्रीहरूलाई एक-एक श्री वैभवलक्ष्मीको किताब उपहार स्वरूप दियौं ।

यहीं माताका कृपाले अहिले हामीहरू सुखी जीवन बिताउँदै छौं ।

३. चोरी भएको गहनाको प्राप्ति

रूपाको परिवार शहरमा कोठा भाड़ा लिएर बसेका थिए । एक दिन उसको श्रीमान् बाहिर जाँदा भूलले मूल ढोका खुलै रह्यो । त्यसमाथीको तलाको कोठामा राज मिस्त्रीको काम चलीरहेको थियो । कोही तलबाट ईटा, बालुवा गिट्टी माथी ओसारर्दै थिये । मानिसको स्वभाव कस्ले जान्न सक्छ र ? ईंटा ओसार्दै गरेको एक मजदूरको नजर खुला ढोकामा पुग्यो । ढोका खुलै देख्दा उसको मनमा दुष्ट विचार जाग्यो । उसले मौका छोपी कसैले नदेख्ने गरि ढोका भित्र पस्यो । रूपा नुहाउन बाथरूममा गएकी रहिछ । त्यसैले अरु घर भित्र कोही पनि थिएनन् । मजदूर झटपट गरी एताउता खोज्न थाल्यो । अचानक खोज्दै जाँदा सुत्ने कोठामा ड़सना मुनि उसले सुनको हार, मंगलसूत्र र दुई चुरा भेट्टायो । गहना खल्तीमा राखेर हतार-हतार कसैले नदेख्ने गरी कोठाबाट बाहिर निस्के फेरि ईंटा ओसार्न थाल्यो । करीब पौने-एक घण्टा पछि पेट दुखेको बहाना बनाएर गहना लिएर ऊ त्यहाँबाट भाग्यो ।

Prof. Madhav Prasad Ghimire Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

यो सुन्दा मलाई रून आयो । रूदै हाँसो हराएको घटना उनीहरूलाई सुनाये । यो कुरा सुन्दा उनीहरू पनि छक्क परे ।

केही विचार गरि साथीकी पत्नी रमीताले मलाई भान्सा घरमा लगी अनि भनी दीदी एउटा कुरा मान्नु हुन्छ ?

के ? हजुरले श्री वैभवलक्ष्मी व्रत गर्ने संकल्प गर्नुहोस् पुरुषले नमाने पनि हामी स्त्रीले व्रतमा विश्वास राख्नु पर्छ ।

यो व्रत धनलक्ष्मी माताको व्रत हो । हजुरले पनि यो व्रत गर्नुहोस् । अनि उसले मलाई व्रत गर्ने विधि पनि बताई ।

मैले तुरुन्तै हात मुख धोई एक्काइस शुक्रवार श्री वैभवलक्ष्मी व्रत गर्ने संकल्प लिए तथा ५१ श्री वैभव लक्ष्मी व्रत गर्ने संकल्प लिए तथा ५१ श्री वैभवलक्ष्मी व्रतको किताब बाट्ने संकल्प लिई त्यस रात जय माँ लक्ष्मी जय माँ लक्ष्मी जपी रहे । बिहान मिर मिरे उज्यालोमानै माता जी का प्रेरणाले हामी हीराको पैकेट खोज्न बाटोमा निकल्यौं । जुन बाटोबाट वहाँ मोटर साइकिलमा आउनु भएको थियो त्यही बाटोमा माँ नाम जप्दै, ध्यानले प्याकेट खोज्दै अगाडी बढ्दै गयौं । जब बजार नेर पुग्यो, एक कुनामा फोहोरका थुप्रोमा आधा थिचिएको प्याकेट माथि मेरो दृष्टी पुग्यो । प्याकेट उहाँलाई देखाये ।

यही हो भनि चिच्याउँदै स्वामीले झट्ट प्याकेट उठाउनु भयो । माताका प्रभावले हीराको प्याकेट जस्ताको त्यस्तै हामीले भेट्टायौ । त्यसदिन देखी म मा झन् माता माथि विश्वास बढ्दै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

गयो । जब शुक्रवार आयो त्यस दिन हामी दुवैले व्रत शुरु गऱ्यौ तथा पूरा भक्ति भावले एक्काइस शुक्रवार पूरा गऱ्यो । संकल्प लिए अनुसार उद्यापनको दिन ५१ स्त्रीहरूलाई एक-एक श्री वैभवलक्ष्मीको किताब उपहार स्वरूप दियौं ।

यहीं माताका कृपाले अहिले हामीहरू सुखी जीवन बिताउँदै छौं ।

३. चोरी भएको गहनाको प्राप्ति

रूपाको परिवार शहरमा कोठा भाड़ा लिएर बसेका थिए । एक दिन उसको श्रीमान् बाहिर जाँदा भूलले मूल ढोका खुलै रह्यो । त्यसमाथीको तलाको कोठामा राज मिस्त्रीको काम चलीरहेको थियो । कोही तलबाट ईटा, बालुवा गिट्टी माथी ओसारदै थिये । मानिसको स्वभाव कस्ले जान्न सक्छ र ? ईंटा ओसार्दै गरेको एक मजदूरको नजर खुला ढोकामा पुग्यो । ढोका खुलै देख्दा उसको मनमा दुष्ट विचार जाग्यो । उसले मौका छोपी कसैले नदेख्ने गरि ढोका भित्र पस्यो । रूपा नुहाउन बाथरूममा गएकी रहिछ । त्यसैले अरु घर भित्र कोही पनि थिएनन् । मजदूर झटपट गरी एताउता खोज्न थाल्यो । अचानक खोज्दै जाँदा सुत्ने कोठामा ड़सना मुनी उसले सुनको हार, मंगलसूत्र र दुई चुरा भेट्टायो । गहना खल्तीमा राखेर हतार-हतार कसैले नदेख्ने गरी कोठाबाट बाहिर निस्केर फेरि ईंटा ओसार्न थाल्यो । करीब पौने-एक घण्टा पछि पेट दुखेको बहाना बनाएर गहना लिएर ऊ त्यहाँबाट भाग्यो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

रूपाको बानी न राम्रो थियो, राती गहना निकालेर ड़सना मुनी राख्दथी । अनि भोलीपल्ट खाना साना तैयार पारेर मात्र गहना लगाउँथी । उसलाई त थाहाँ नै हुन सकेन कि गहना चोरी भयो भन्ने । खाना तैयार पारि हात खुट्टा धोएर गहना लगाउनलाई ड़सना उठाउँछे त गहना छैनन् । उसले हतार-हतार एता उता खोजी गर्न थाली । पूरा बिस्तरा हेरी तर गहना कही थिएन । उ साह्रै रुन थाली । रोएको सुनेर अर्को कोठामा बस्ने गौरी दौडेर आई । घटना थाहा भए पछी रूपालाई सान्त्वना दिन लागी । रूपाको माइत पनि नजिकै थियो । कोही गयेर त्यहाँ खबर गरि दियो । त्यो कुरा सुनी रूपाको आमा र बहिनी दगुरेर आइ पुगे ।

आमालाई देखेर रूपा फेरी रुन लागी । यो देखेर आमाले सम्झाउँदै भनिन् रूपा तैले लगाएको गहना निकाल्नै नहुने । यदि निकाले पनि त्यसलाई सुरक्षित ठाउमा राख्नु पर्ने । अब जे भयो भयो । घटना घटी सके पछि चिन्ता गरेर कुनै फाइदा छैन । मलाई माँ धनलक्ष्मी माथी अपार श्रद्धा छ । बरू तैले चिन्ता छोड़ी एघार शुक्रवारको श्री वैभवलक्ष्मी व्रत गर्ने मनौती ले । माताले नै सबैको रक्षा गर्नु हुनेछ ।

आमाको कुरा सुनेर रूपाले तुरुन्त हात मुख धोई एघार शुक्रवार श्री वैभवलक्ष्मी व्रत गरी एघारै वटा श्री वैभवलक्ष्मी व्रतको पुस्तक बाट्ने मनौती गरी तथा मनमनै श्रद्धाले जय माँ लक्ष्मी जप्न थाली ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0 In Public Domain. Digitization by eGangotri

केही समय पछी रूपाको श्रीमान् घर फर्की आए । रूपाले रुँदै सम्पूर्ण घटना आफ्नो श्रीमानलाई भनी । घटना सुनेर श्रीमानले भने - अब रोएर केही हुँदैन, हिंड़ पुलिस स्टेशनमा गई रिपोर्ट लेखाऊ ।

दुवै तुरन्तै घर बन्द गरि पुलिस स्टेशनमा गएर इंस्पेक्टरलाई सबै घटना सुनाई रिपोर्ट लेख्ने विनती गरे ।

इंस्पेक्टर रिपोर्ट दर्ज गर्दै थिए कि त्यति बेलै सब इंस्पेक्टरले एक मजदुरलाई पक्रेर थानामा ल्याएर भने - सर यो व्यक्ति ज्वेलरी पसलमा यता उता घुमी राखेको थियो । मलाई यसमाथी शंका लाग्यो र यसलाई पक्रेर सोधें । पहिला त कुरा टार्दै थियो । जब यसको तलासी लिएँ तब यसको खल्तीबाट चार वटा गहनाहरू भेट्टाए र यसलाई पक्री ल्याएको छु भन्दै आफ्नो अण्डर लिएको गहना टेबुलमाथि राखी दियो ।

गहना देख्दा साथ रूपा चिल्लाई सर यहि हो मेरो गहना । रिपोर्ट लेख्दा लेख्दै चोर मालको साथ गिरफ्तार भएकोले इंस्पेक्टर पनि चकित परें ।

त्यो मजदुरले पनि आफ्नो गुनाह कबुल गऱ्यो साथै यो पनि भन्यो कि उसले कुनप्रकार चोरी गरेको थियो ? तथा रूपालाई पनि उसले चिन्यो । औपचारिक लेखापढ़ी गरेर रूपा गहना लिएर घर फर्किन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसप्रकार धनलक्ष्मी माकी कृपाले चारो भएका गहनाह
रूपालाई तुरुन्त प्राप्त भयो । तथा रूपाले आफुले भाकेको भाक
एघार शुक्रवार शास्त्रीय विधिले श्री वैभवलक्ष्मी व्रत पूर्ण ग
शास्त्रीय विधि अनुरूप परायण गरि एघार पुस्तक श्रद्धा एवं पवि
मानले बाटी र आफ्नो मनौती पूर्ण गरीन ।

यस्तो छ श्री वैभवलक्ष्मी व्रतको प्रभाव ।

४. व्यापारमा प्रगति

राजेशको परिवार कानपुरमा बस्दथे । उसकी पत्नी भाई तथ
भाई-बुहारी साथै बसी व्यापार गरिरहेका थिए । अचानक आपस
कलहले दुई भाइमा मनमुटाव भयो । दुवै अलगीए । व्यापारम
पनि भाग बण्डा भयो । त्यसै दिन देखी राजेशको व्यापार घट्
थाल्यो । उ रात दिन मेहनत गर्थ्यो फेरी पनि व्यापार ठिक सं
चल्न सकेको थिएन । हुँदा हुँदै एक वर्षमा नै व्यापार एकदमै बन्द
हुन पुग्यो, जसले गर्दा उ एकदमै चिन्तित थियो । उसकी पत्नी
सरला एकदमै सुशील थिइ । उ हिम्मत दिइनै रहन्थी । परन्तु
व्यापार न चल्दा मनुष्य कसरी खुशी हुन सक्थ्यो र ? सरला
लुकी-छिपी केही न केही बेच्दै घर चलाउथी । राजेशको मन तथा
तन यहि चिन्ताले गर्दा अस्वस्थ हुँदै गएको थियो । यो देखेर
सरलाको मन धेरै व्यथित हुन्थ्यो ।

एक चोटी राजेशकी फुपु मिलन भेट्न त्यहाँ आइन । सरला

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

र फुपुमा राम्रो मेल थियो व्यर्थ घरको हालतको बारेमा सरलाले फुपु सासुलाई सबै कुरा सुनाई तथा आफुमा वितेको दुःखले गर्दा उ रून थाली ।

फुपु सासुले उसलाई सान्त्वना दिंदै भनिन् 'तँ श्री वैभवलक्ष्मीको व्रत, गर्ने भाकल गर अनि एघार या एक्काईस शुक्रवार व्रत ले । वरु हिड अहिले नै मसित व्रतको पुस्तक लिन । माता धनलक्ष्मीले तेरो सबै दुःख चिन्ता हरि दिनु हुनेछ ।

तुरुन्त तैयार भएर सरला फुपु सासु संग बजार गई र पसलबाट शास्त्रीय विधि भएको, श्रीयन्त्र तथा माँको आठ स्वरूप भएको श्रीवैभवलक्ष्मी व्रतको पुस्तक किनेर ल्याई । भोलीपल्ट शुक्रवार थियो । त्यै दिन देखी नै सरलाले एक्काईस दिनको व्रत लिने भाकल गरी ।

अर्को शुक्रवारको बेलुका राजेश घर आउँदा धेरै नै खुशी देखिन्थ्यो । उसले भन्यो सरला आज त चमत्कार भयो । एक धेरै ठूलो कम्पनीलाई हाम्रो स्पेयर पार्ट्सको क्वालीटी र डिजाइन मन पऱ्यो । त्यसैले उसले हामीलाई ठूलो आर्डर दिएको छ । शायद हाम्रो दिन फर्कियो ।

कुरा साँचो निस्कियो । एक्काईस शुक्रवार पुरा हुँदा देखीनै राजेशको व्यापार तीव्र बढ्न थाल्यो । सरलाले शास्त्रीय विधिले व्रत उद्यापन गरी तथा एक श्री वैभवलक्ष्मी व्रतको किताब आफ्नो दराजमा राखी ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

एक वर्ष भित्र नै राजेशले एउटा मारुति कार किनी हाल्यो ।

यस्तो छ माताको कृपा भक्त माथि ।

५. राम्रो जागीर पाइयो

नेपालगंजमा सुनीताका दुई आमा छोरी बस्दथे तिनको श्रीमान, केही वर्ष अघि नै भिन्न भैसकेका थिए । उनको छोराको नाम गणेश थियो, तथा उ पढ्दै थियो । जब एम. काम. मा फर्स्ट क्लासमा पास भयो आमा धेरै खुशी भईन, तथा उ पनी धेरै हर्षित भयो । घरमा आमा एक्लै भएकोले घर खर्च चलाउन धौ-धौ हुँदै आएकोले गणेश पढाई छोड़ी नोकरी गर्ने विचारले नोकरी खोज्न थाल्यो । उसको घरमा पूरा विश्वास थियो कि यति राम्रो मार्कस् छन्, नोकरी त अवश्य पाइएला भन्ने तथा गणेश पनि यहि सोच्थ्यो । परन्तु उनीहरूको सोच गलत साबित भयो । किनकि आज भोली नोकरी पाउँनलाई या त पैसा चाहिन्छ या आफ्नो मान्छे ठूलो पोष्टमा हुनुपर्छ । गणेश संग नत पैसा थियो न त उसका सम्बन्धित कुनै राम्रो पोष्टमा थिए ।

नोकरी खोज्दा-खोज्दै गणेश थकीत भयो तर उसले काम भेट्टाउन सकेन । मध्यम वर्गमा बेकार रहनु मरे तुल्य हुन्छ । छिमेकमा चर्चा हुन थाल्यो ।

गणेशले बुझ्नै सकेन अबके गरौ भनेर । उ धेरै चिन्तित हुन थाल्यो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitized by eGangotri

एक दिन सुनीतालाई छिमेकी मीनाले आफ्नो घर बोलाई । मीनाले श्री वैभवलक्ष्मी व्रत गरेकी रहिछे । आज उद्यापन रहेछ । त्यसैले सुनीता लगायत सात जनालाई तिलक लगाई एक-एक ओटा श्री वैभवलक्ष्मी व्रतको किताब दिइ तथा प्रसाद वितरण गरी । त्यहीनै श्री वैभवलक्ष्मी व्रतको चर्चा चल्यो । सुनीताले सबै सुनी रहेकी थिई । केही छिन पछि सबै आफ्नो-आफ्नो घर लागे ।

सुनीताले पनी किताब लिएर घर आईन । घरको काम सकी वरि किताब पढ्न थाली किताबमा दिएको श्रीयन्त्र देख्दै उनलाई आफ्नो माइतको वैभवको स्मरण भयो । उनको बुबाले सन्दूकमा श्रीयन्त्र राख्नु हुन्थ्यो । वहा भन्नु हुन्थ्यो श्रीयन्त्र लक्ष्मीजीको तान्त्रिक स्वरूप हो । जून घरमा श्रीयन्त्र हुन्छ उस घरमा अवश्य लक्ष्मीजीको वास हुन्छ । सुनीताले श्रीयन्त्रलाई ढोगीन् । उनको मनमा के-के कुरा खेल्न थाल्यो । उनलाई श्री वैभवलक्ष्मी व्रत गर्ने इच्छा जाग्रीत भएर आयो ।

सुनीताले श्री वैभवलक्ष्मी व्रत गर्ने निश्चय गरीन् । तिनले पूरै किताब पढी सम्पूर्ण शास्त्रीय विधि सम्झिन् । त्यसै समय गणेश पनि आई पुग्यो । छोरालाई पनि किताबको बारेमा बताएर व्रत गर्ने सल्लाह दिइन् । गणेशले आमालाई बहुतै आदर गर्थ्यो तसर्थ ऊ आमाको कुरा काट्न नसकी आमाको मन राख्नलाई पनि स्वीकृति दियो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0 In Public Domain. Digitization by eGangotri

अघिल्लो शुक्रवार देखीनै दुवै आमा छोराले श्रद्धा एवं भक्तिले एघार शुक्रावार श्री वैभव लक्ष्मी व्रत गर्ने संकल्प गरी व्रत शुरू गरे ।

व्रत शुरू गरेको तीन चार दिन पछि नै काठमाण्डौबाट प्राइवेट कम्पनीको इन्टरव्यूको चिट्ठी आयो । भोलीपल्ट नै उ इन्टरव्यू दिन घरबाट निस्कीयो । इन्टरव्यूमा सफल भएछ । तुरुन्तै नियुक्ति प्राप्त भयो ।

यसप्रकार घरमा खुशीयाली छायो । गणेशको मनमा लक्ष्मीका माथि धेरै श्रद्धा जागेर आयो उसले फेरी एक्काईस दिनको व्रत लिने संकल्प लिएर पूर्ण गरी शास्त्रीय विधिले उद्यापन गरी ५१ श्री वैभवलक्ष्मी व्रतको पुस्तक भेंट गऱ्यो । माताका कृपाले गणेशलाई प्रमोशन मिल्दै गयो, र मेनेजर भई, अफिस चलाउन थाल्यो ।

यस प्रकार श्री लक्ष्मीको व्रतको प्रभावले गणेशले राम्रो नोकरी प्राप्त गऱ्यो ।

यस्तो छ माताको कृपा ।

६. सुख-समृद्धिको प्राप्ति

मालती स्वभावले सरल, होशियार, मृदुभाषी एवं कार्य-निपुण थिईन् । फेरी पनि 'भावीको लेखा कसले बुझ्न सक्छ र ? ऊ माथी दुःखको पहाड़ खस्यो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

मालतीका विवाहको ५ वर्ष भित्रमा २ छोरा भए । फेरी अचानक एक दिन उसका लोग्नेको मोटर साइकिल दुर्घटना भयो तथा दाहिने हात पनि अपांग भयो । अब घरबार हेर्ने मालती सिवाय अरू कोहि पनि थिएनन् । घरको सबै बोझ मालती माथि पऱ्यो । विवाह भएको मात्र ५ वर्ष भएकोले जम्मा बचत पनि केही थिएन ।

अब ऊ धेरै चिन्तित हुन थालीन् परन्तु बाहिरबाट आफ्नो श्रीमान्लाई नीमीश मात्र पनि भान हुन दिइन कि ऊं दुःखी एवं चिन्तित छ भन्ने नत्र ऊ धेरै चिन्तित हुन्थ्यो । उसले कहिल्यै पनि आफ्नो श्रीमान्लाई ऊ अपांग छ भन्ने भान हुन दिइन ।

'सुखमा सुनार र दुःखमा राम' यो उखानझै अव मालतीलाई भगवान याद आउन थाले । उ हर समय भगवान संग प्रार्थना गर्दथी कि कोही उपाय पाइयोस् भनेर ।

अचानक एक दिन उसलाई स्मरण भयो कि उसको भाउजु ले केही दुःख आई पर्दा झट्ट श्री वैभवलक्ष्मी व्रत गर्दथिन् । उ संग पनि धेरै चोटी भनेकि थिईन कि यो व्रत गर्नाले सबै दुःख हरण हुन्छ साथै मनोकामना पूरा हुन्छ भनेर । एक चोटी उद्यापनमा पनि बोलाएर उसलाई व्रतको किताब पनि दिएकी थिइन् ।

मालतीलाई उस किताबको संझना आयो । उसले किताबलाई दराज भित्र राखेकी थिई । उ तुरून्त उठेर पुस्तक खोजी तथा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

किताबमा दर्शाइएको श्रीयन्त्र, लक्ष्मीजीका विविध स्वरुपको दर्शन गरि भलिभाँति व्रतको विधि पढी । व्रतको महिमा पढ़ि व्रत गर्ने इच्छा जागृत भयो । उसलाई लाग्यो माता लक्ष्मीले नै मलाई बाटो देखाउनु हुनेछ भन्ने ।

मालतीले त्यसै समय एघार शुक्रवार श्री वैभवलक्ष्मीकोव्रत गर्ने भाकला गरिन् तथा मनमनै मातालक्ष्मीको ध्यान गर्न थाली ।

आउदो शुक्रवार देखीनै मालतीले पूरा श्रद्धा र भक्तिले श्री वैभवलक्ष्मीको व्रत शुरु गरी ।

पाँच शुक्रवार पूरा हुदाँ मालतीकी साथी रीमा भेंट गर्न भनेर आई । उनीहरू दुवै कलेजमा संगै पढ्थे । मालतीको दुःखद् कहानी सुनेर उसले भनी-तँ किन ब्यूटी पार्लर खोल्दींनस ? तैले त यसको कोर्स पनि गरेकी छस । अनी यसैमा एउटा कोठा पनि खाली छ । साथै त चित्रकारी पनी गर्न सक्छेस । तलाई त यो सब राम्रो संग आउँछ । मेरी छिमेकी ब्यूटी पार्लरका सामानहरू बेच्दै छन् किनकि उनीहरू घर सरी अरु ठाउमै जाँदै छन् । तिनीहरूले अरू ठाउँबाट भन्दा केही सस्तोमा पनि दिन्छन् । त्यसैले तैले तुरून्त ब्यूटी पार्लर खोल, किनकि उनीहरु चाँडो भन्दा चाँडो सबै समानहरू बेचेर जादै छन् । बरु तलाई यसै हप्ता सामान् दिलाई दिने छु ।

मालतीलाई यो जुक्ती राम्रो लाग्यो । उसले आफ्नो श्रीमान् संग अनुमति माँगी श्रीमानलाई पनि आफ्नो श्रीमतीले भनेको केही

Prof. Madhav Prasad Lamichhane Collection. Digitized by eGangotri

CC-0.In Public Domain. Digitization by eGangotri

काम गर्दा केही आपत्ति थिएन । त्यसैले उसले अनुमति दियो । मालतीले भनी रीमा अब मलाई चाँडो भन्दा चाँडो सामान मिलाई दे । तैले भनेको कुरा मलाई राम्रो लाग्यो तसर्थ म अब ब्यूटी पार्लर खोल्छु । यहाँ भएपछि घरको हेरचाहका साथै ब्यूटीपार्लर पनि चलाउँन सक्छु ।

रीमाले एक दुई दिन भित्र नै सबै समानहरू मिलाई दिई । एक हफ्ता मानै मालतीले आफ्नै भाड़ाको घरमा ब्यूटीपार्लरको दोकान खोली । माता धनलक्ष्मीको कृपाले एक महिना भित्र नै उसको पार्लर राम्रो संग चल्न थाल्यो ।

यस प्रकार श्री वैभवलक्ष्मी व्रतको प्रभावले मालतीले एकै वर्षमानै धन आर्जित गरि । उसले आफ्नो कोठाको नजिकै एक घर किनेर त्यसैमा ए.सी. ब्यूटी पार्लर खोली । अब उसका परिवार सुखमय जीवन बिताउन थाले ।

यस्तो छ माताको कृपा ।

७. हराएको पुत्रको फिर्ता

हेमाका परिवार गाजीपुरमा बस्दथ्यो । उनीहरूका दुई पुत्र थिए, एउटा सात वर्ष तथा अर्को ३ वर्ष । त्यही वर्ष कुम्भ मेला थियो, उनीहरू पनि स परिवार कुम्भ स्नान गर्न भनि प्रयाग गएका थिए । त्यही तीन वर्षको बालक हरायो । उनीहरूले यता उता

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Panini Kanya Maha Vidyalaya Collection. Digitized by eGangotri

खोजे तर कही भेंटिएन । समाचार पत्रमा पनि फोटो दिएर हराएको खबर प्रकाशित गरे तर पनि केही जानकारी आउन सकेन दुवै दम्पत्ति रूँदै घर फर्के ।

यो खबर सुनी हेमाका परिवार शोक ग्रस्त भए । केही दिन अघाड़ी सम्म चहल पहल र हल्ल खल्ल हुने घर अहिले एकदम सुनसान भएको थियो । हेमा रात दिन रूदै दिन बिताउथी । उसको श्रीमान पनि धेरै निराश हुदै हेमालाई सम्झाउने प्रयास गर्दथे । तर आमाको मन कहा मान्छ र ? दिन रात हेमालाई अबोध बालकको सम्झनाले सताइ रहन्थ्यो यसै गरि दुवै पति पत्नी जसै-तसै गरि दिन बिताउन थाले ।

एक दिन उनीहरू छोराको लागी किताब किन्न भनी बजार गये । त्यस पुस्तक पसलमा श्री वैभवलक्ष्मी व्रतको किताब देखेर चार-पाँच महिलाहरूले त्यो श्री वैभव लक्ष्मी व्रतको सात-सात प्रति किनेर लिएर गये । हेमा तथा उसको श्रीमान्लाई आश्चर्य तथा यो व्रतको किताब हेर्ने इच्छा भयो । उनीहरूले पनि एउटा किताब किनेर घर ल्याए ।

घर आएर दुवै दम्पत्तिले त्यो किताब पढे तथा त्यसमा दिइएको श्री मातालक्ष्मीका विविध रूपको दर्शन गरे ।

हेमालाई पनि श्री वैभवलक्ष्मी व्रत गर्ने इच्छा जागृत भयो । सले आमनो श्रीमान् सित भनी म पनि यो श्री वैभवलक्ष्मी व्रत

Prof. Madhav Prasad Lamichhane Collection. Digitized by eGangotri

CC-0.In Public Domain. Digitization by eGangotri

गर्दछु । माता त दयालु हुनुहुन्छ । हामीहरूले सबै प्रकारले खोज तलाश गर्दा पनि हाम्रो छोरो भेट्न सकिएन । अब त यही मात्र आशाको ज्योति बाकी छ । यदि माता प्रसन्न हुनुभयो भने श्रद्धा एवं भक्तिका साथ माताजीको शान्ती ध्यानमा विन्ति गर्नेछु यस्तो भन्दा भन्दै हेमा रून थाली ।

फेरी हेमाले हात मुख धोएर भाकल गरी 'हे धनलक्ष्मी माता ! म यो श्री धनलक्ष्मी व्रत एक्काईस शुक्रवार गर्नेछु तथा १०१ किताब प्रसादको रूपमा बाट्ने छु । माता कसै गरी भएपनि मेरो हराएको बालकलाई भेट्टाइदिनुहोस् । यस्तो संकल्प गरी हेमा रुन लागी ।

पुत्र हराए देखी दुवै पति-पत्नी आवश्यकमा मात्रै बोल्दथे । दुवै धेरे चिन्तित रहन्थे । अतः हेमा हरपल जय माता लक्ष्मीको जप गरिरहन्थी ।

शुक्रवारको दिन उसले पूरा श्रद्धा एवं भक्तिभावले श्री वैभव लक्ष्मी व्रतको शास्त्रीय विधिले शुरु गरि । घरमा एक वर्ष देखी कुनै मिठो खाने कुरा आएको थिएन त्यसैले घरमा भएको गुड़ प्रसादको रूपमा भोग लगाई ।

त्यस दिनको व्रत पूरा गरि हेमा जय माँ लक्ष्मीको संझना गर्दै सुती । विहान पख हेमाले सपनामा रंग-बिरंगी बघैचा देखी । त्यही बघैचामा उसको हराएको पुत्र खेली रहेको थियो । यस्तो देख्दा देख्दै हेमाको आँखा खुले ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

विहान उठेर स्नान ध्यान गरी भगवानलाई धूप-दीप देखाई माता धनलक्ष्मीको दर्शन गरी । फेरी आफुले देखेको सपनालाई संझना गरी माताको अगाड़ी प्रार्थना गर्न थाली । पछी सबै परिवारलाई आफुले देखेको सपनाको बारेमा भनी ।

उसका श्रीमान्‌ले भने 'जस्तो बगैचा तिमीले देख्यौं त्यो त मैसुरको वृन्दावन बघैचा जस्तो लाग्छ । म एक चोटी वहाँ गएको थिएं । ठीक यस्तै थियो ।

हेमाले भनी फेरी हामीहरू चाँडै त्यहाँ जाऊ । वही हाम्रो छोरालाई खोजौं । शायद श्री धनलक्ष्मी माताले हामीलाई आफ्नो छोरा पत्ता लगाउने मार्ग बताउनु भएको होला । त्यसैले जति सक्दो चाँड़ो हामीहरू जानु पर्छ ।

श्रीमान्‌ले पनि स्वीकृति दिए । दम्पत्तिले आफ्नो ठूलो छोरालाई नन्दको जिम्मा लगाई मैसुर जान निक्लिए । वहाँ पुगी उनीहरू वृन्दावन बघैचामा गई आफ्नो छोरालाई यता उता खोज्न थाले ।

माताको कृपा ! हेमाले मन मनै माताको चिन्तन गर्दै यहाँ त्यहाँ खोज्न थाली सपनामा हेमाले जुन ठाउमा आफ्नो पुत्रलाई देखेकी थिई । आश्चर्यवश उसको छोरो आफ्नो दौतरी अरु बच्चाहरूको साथमा एक एक दम्पत्ति पनि बसेका थिए । देख्दा मद्रासी लाग्द थियो ।

हेमाले दौड़ेर आफ्नो छोरालाई काखमा लिई एवं छातीमा टासेर रुन लागी । पुत्र पनी आत्तिएर रून थाल्यो । मद्रासी दम्पत्ति

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

पनि छक्क परेर हेर्न लागे हेमाको श्रीमान्‌ले हेमालाई सान्त्वना दिएर चुप लगाए । फेरी मद्रासीलाई आफ्नो छोरो हराएको तथा कहाँ कहाँ खोज्दा पनि भेटाउन नसको कुरा भने तथा समाचार पत्रमा छपाईएको कागजको टुक्रा पनि देखाए ।

मद्रासी दम्पत्तिले भने उनीहरू पनि कुम्भ स्नान गर्न जाँदा रेलमा यो बच्चा भेटेको हो । बालक कसरी आयो थाहा भएन तर धेरै रोई रहेको थियो । अतः उनीहरूले आफ्नो साथमा मैसुर लिएर आए र आफ्नो पुत्र सरह गरी पालेको छौं ।

फेरी जरूरी कार्यवाही गरी मद्रासी दम्पत्तिलाई धेरै-धेरै धन्यवाद दिंदै आफ्नो पुत्रलाई साथमा लिएर उनीहरू आफ्नो घर फर्के । घरमा फेरी पूर्ववत सुख तथा आनन्दको सागर झल्किन थाल्यो ।

हेमा प्रत्येक शुक्रवारको प्रसादमा केही न केही बनाएर माताको भोग लगाउथी । यस प्रकार एक्काईस शुक्रवार पूर्ण भए पछि उसले शास्त्रीय विधिले उद्यापन कार्य गरी तथा १०१ श्री वैभवलक्ष्मी व्रतको पुस्तक १०१ स्त्रीहरूलाई प्रसाद स्वरूप भेंट गरी ।

हेमाका छिमेकीहरू यस व्रतको प्रभाव देखेर दङ्ग भए । यस्ती भक्त प्रेमी मातालाई कोटी-कोटी प्रणाम छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0 In Public Domain. Digitization by eGangotri

८. छोरीको विवाह भयो

सुनार जातिमा स्त्रीहरू ज्यादातर गोरा-वर्णका हुन्छन् । तर राधाकी छोरी सोनाली अलीकति श्यामवर्णकी थिई । साथै आफ्नो स्थिति पनि साधारण थियो । धेरै दाइजो दिन सक्ने क्षमता थिएन । सोनाली धेरै पढेलेखेकि थिई तर पनि उसको रूपले गर्दा विवाहमा बाधा परेको थियो ।

बिस्तारै उसको उमेर बढ्दै गयो तर आमा बाबुलाई छोरीको विवाह नभएकाले चिन्ताले सताउन थाल्यो । सोनाली पढाईको साथ-साथ घरको काममा पनि निपूर्ण थिई । स्वभाव सुशील थियो र पनि विवाह हुन सकेको थिएन ।

एक दिन सोनाली आफ्नी साथी हिनालाई भेट्न उसको घर गई हिनाले एउटा पुस्तक पढ्दै थिई सोनालीले के पढदैछेस ? भनेर सोधी ।

हिनाले भनि - यो श्री वैभव लक्ष्मी व्रतको किताब हो आज पल्लो घरमा वैभवलक्ष्मी व्रतको उद्यापन थियो त्यहीँ यो एक-एक किताब पाइएकी थिए । यो सुनेर सोनालीले हेर्न भनी मागी । हिनाबाट त्यो किताब लिएर सोनालीले पढ्न लागी । किताब पढ्दा पढ्दै सोनालीलाई मलाई पनि यो व्रत गरौ-गरौ भन्ने लाग्यो । उसले सोची शायद यो व्रत गर्नाले मेरो रोकिएको विवाह चाँडैनै हुन्छ होला ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

सोनालीले हिना सङ्ग किताब आफुले लिएर जाने अनुमति मागी । यो सुनेर हिनाले हास्दै भनी - के हो ? व्रत गर्ने विचार छ कि क्या हो । अँ हो सोच्दै छु । यो व्रत गरौ कि भनेर सोनालीले भनि । हिना उसको समस्या देखी अवगत थिई त्यसले भनी - तेरो कुरा साँचो हो । यो पुस्तक त लिएर जा ।

सोनाली पुस्तक लिएर घरमा आएर राम्रो संग पुस्तकको अध्ययन गरि । पूजा विधि राम्ररी बुझी तथा किताबमा दर्शाइएका मातालक्ष्मी का विविध स्वरूपहरूको दर्शन गरि प्रणाम गरि । त्यही ११ शुक्रवार श्री वैभव लक्ष्मी व्रत गर्ने भाकल गरेर आउदो शुक्रवार नै व्रत शुरु गरि ।

त्यै शुक्रवारको राती नै सोनालीको फुपाजु एक राम्रो परिवारबाट सम्बन्ध गास्ने कुरा लिएर आए । जात मिल्दो, धनाड्य घर साथै केटो एम. एस. सी. पास थियो । उसकी फुपुले सीधै केटा सङ्गनै कुरा चलाएकी रहिछन् तथा सोनालीको बारेमा सबै भनेकी रहिछन् । केटालाई पनि सोनाली जस्तै, सुशील तथा बुद्धिमान जीवन साथीको खोजी थियो जसले उसको व्यापारमा साथ दिन सकोस् ।

सोनाली यो कुरा सुनेर खुशी भई । एक हफ्ता भित्रमानै कुरा छिनी वरी दुवैको विवाह भयो । यस प्रकार माताजीको अनुकम्पाले सोनालीको राम्रो जीवन साथी पाइयो ।

यस्तो छ माताजीको कृपा ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

लक्ष्मीजीको आरती

जय लक्ष्मी माता जय लक्ष्मी माता !
गरछन् निशि-दिन सेवा विष्णु शिव धाता ।।जय।।
ब्रह्माणी रुद्राणी कमला तिमि हौ जगमाता ।
सूर्य चन्द्रमा ध्याउँछन् ऋषि गाऊँछन् माता ।।जय।।
दुर्गा रूप निरञ्जन सुख सम्पत्ति दाता ।
सच्चा ध्यान जनकन दिन्छ्यौ झलरी छाता ।।जय।।
तिमी विष्णुसँग बस्छ्यौ तिमि हौ सुखदायी ।
भक्तहरूका घरमा बस्छ्यौ भवसागरकी त्राती ।।जय।।
तिमि नभई यज्ञ हुँदैन, लुगा पनि कोही पाउन्न ।
शुभ-गुण सुन्दर युक्ता, क्षीर निधीमा टन्न ।।जय।।
श्री लक्ष्मीजीको आरती जो कोही जन गाओस् ।
उर-उमंग अति उपजी पाप उतरी जाओस् ।।
जय लक्ष्मी माता ।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

श्रीयन्त्रम्

CC-0.In Public Domain. Digitization by eGangotri



प्रकाशक :

श्री दुर्गा साहित्य भण्डार

पो० बा० नं० १०१६, वाराणसी-१

फोन नं० - ०५४२-३६७२१४ मोबाइल - ९८३९०४०९२१, ९४१५२९३ ४६

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal